कार्यपालिका बैठक मिति : २०८१।०९।०५ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०९।०१ गते।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

## मिति २०८१।०९।०५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. जग्गा वर्गिकरण सम्बन्धमा।
२. ढुवानीमा लागत साझेदारी सम्बन्धमा।
३. बजेट व्यवस्थापन सम्बन्धमा।
४. आरोहीलाई सम्मान गर्ने सम्बन्धमा।
५. विपद राहत सम्बन्धमा।
६. सम्मान सम्बन्धमा।
७. पशु बिमा सम्बन्धमा।
८. स्पेशल परमिट सम्बन्धमा।
९. हेली उद्धार सम्बन्धमा।
१०. योजना संशोधन सम्बन्धमा।
११. धर्मशालामा धर्मशाला निर्माण गर्ने सम्बन्धमा।
१२. जग्गा उपभोग गर्न दिने सम्बन्धमा।
१३. योजना व्यवस्थापन सम्बन्धमा।

निर्णयहरू

१. प्रस्ताव नं १ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र रहेको जग्गा वर्गिकरण गर्नका लागि परामर्श सेवा मार्फत सेवा लिन पुँजीगत परामर्श तथा अनुसन्धानबाट रू २० लाख रूपैयाँ विनियोजन गर्ने निर्णय गरीयो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न स्थान नेपाल टेलिकम 4G सेवा विस्तारका लागि टावर निर्माण तथा स्तरोन्नती गर्नका लागि आवश्यक पर्ने सामाग्री ढुवानी गर्नका लागि नेपाल टेलिकमसँग लागत साझेदारीमा ढुवानी खर्च बेहोर्ने गरी सम्झौता गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा पुँजीगत भैपरी शिर्षकबाट तपशिल बमोजिम बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

| सि नं | योजना/कार्यक्रमको नाम | बजेट रू | स्रोत | कै |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | रू १ करोड | आन्तरिक स्रोत अ ल्या | बजेट थप |
| २ | परीक्षा सञ्चालन खर्च | रू ५ लाख | भैपरी चालु | विनियोजन |
| ३ | बुङ्डङ मान्ला डाँडा खानेपानी निर्माण योजना | रू ७ लाख | भैपरी चालु | विनियोजन |

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका निवासी श्री फुन्जो लामा र नाङसेल छोडेन लामाले विश्वको सर्वोच्च शिखर सगरमाथा हिमाल सफलता पूर्वक आरोहण गरेकोले स्रस्टा सम्मान शिर्षकबाट जनही रू २ लाख ७० हजार, ताम्रपत्र सहित सम्मान गर्ने र सम्मान कार्यक्रम नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजना गर्ने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा विपदबाट पुर्ण रूपमा घर क्षती अथवा क्षतिको प्राविधिक मुल्यांकनको आधारमा प्रकोप व्यवस्थापन कोषबाट रू २५ हजार देखी १ लाख सम्म राहत रकम वितरण गर्ने तथा विपदबाट चुमनुब्री गाउँपालिका निवासी कसैको ज्यानको गएमा निजको परिवारलाई प्रति मृतक रू १ लाख रकम राहत स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाका देहायका जनप्रतिनिधि तथा कर्मचारीलाई स्रस्टा सम्मान शिर्षकबाट नगद र प्रमाणपत्र सहित गाउँसभाको १६ औं अधिवेशनमा सम्मान गर्ने निर्णय गरियो।

| सि नं | नामथर | पद | नगद रू | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मा छेवाङ लामा | वडा अध्यक्ष चुमनुब्री १ | रू २० हजार | 4G सेवा विस्तारमा समन्वयकारी भुमिकालाई मध्येनजर गर्दै |
| २ | राम कुमार गुरूङ | वडा अध्यक्ष चुमनुब्री ३ | रू २० हजार | दोस्रो कार्यकाल वडा अध्यक्ष पदमा निर्वाचित भई विकास तथा सेवा प्रवाहमा योगदान पुर्याएको। |
| ३ | विष्णु कुमारी गुरूङ | स अ न मी सिर्दिवास स्वा चौ | रू २० हजार | करिब २९ वर्ष स्वास्थ्यकर्मीको रूपमा चुमनुब्री क्षेत्रमा सेवा गरेको। |
| ४ | काजी घले | स्वकिय सचिव | रू २० हजार | पदयात्रा शुल्क संकलन कार्यमा उल्लेखनिय कार्यसम्पादन बापत। |

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र पशु बीमा कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल बीमा प्राधिकरणलाई अनुरोध गरी संस्थागत रूपमा पशु बीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ६ र ७ चुमभ्याली प्रवेश गर्दा विदेशी पर्यटकले नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभागबाट स्पेशल परमिट लिनु पर्ने कारणले उक्त क्षेत्रमा पर्यटकको आवागमन निकै नै कम हुन गएको हुँदा चुमनुब्री गाउँपालिकालाई निषेधित क्षेत्रको सूचीबाट हटाउँदै उक्त स्पेशल परमिट लिने व्यवस्था हटाईदिन नेपाल सरकार गृह मन्त्रालयलाई लिखित रूपमा अनुरोध गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा मिति २०८१ मंसिर १६ गते चुमनुब्री गाउँपालिका लोक्पा सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत अनमी श्री सुजा गुरूङ कार्यालयमा जाँदै गर्दा भिरबाट ढुंगा खसेर छातीमा लागि सिकिस्तै घाईते भएकोमा कर्मचारी तथा जनप्रतिनिधि आपतकालिन उद्दार कार्यक्रमबाट रू २ लाख ८० हजार खर्च गरी हेली मार्फत काठमाडौं उपचार गर्न लगिएकोमा उक्त खर्च सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

१०.प्रस्ताव नं १० उपर छलफल गर्दा आ व २०८१।८२ मा बजेट विनियोजन भएका तपसिल बमोजिमका वडा समितिको निर्णयबाट प्राप्त भए अनुसार योजना/कार्यक्रम संशोधन गर्ने निर्णय गरियो।

| सि नं | योजनाको नाम | स्थान | संशोधन भई कायम हुने नाम | कारण |
|---|---|---|---|---|
| १ | सल्लेरी ढल व्यवस्थापन योजना | चुमनुब्री-३ | भालुवान ढल व्यवस्थापन तथा खानेपानी योजना | सल्लेरीमा हाईड्रो पावन निर्माण हुनाले वस्ती स्थानान्तरण हुन सक्ने। |
| २ | बन्दे गुम्बाको भुई ढलान योजना | चुमनुब्री-६ | बन्दे गुम्बा भुई ढलान तथा भान्सा घर मर्मत योजना | कार्य थप गर्नु पर्ने भएको हुँदा |
| ३ | ल्हो सामुदायिक भवन घेरावार निर्माण योजना | चुमनुब्री-२ | ल्हो सामुदायिक भवन घेरावार तथा मर्मत योजना | कार्य थप गर्नु पर्ने भएको हुँदा |
| ४ | ल्हो स्वास्थ्य चौकी भवन भित्र भुई ढलान योजना | चुमनुब्री-२ | ल्हो स्वास्थ्य चौकी भुई ढलान, फर्निचर व्यवस्थापन तथा मर्मत योजना | कार्य थप गर्नु पर्ने भएको हुँदा |
| ५ | गोङगोरमा देखि थेराकनेन सम्म गोरेटो बाटो निर्माण योजना | चुमनुब्री-५ | क्रयावाक देखि सिमानाङ सम्म बाटो निर्माण योजना | वडा समितिबाट अत्यावश्यक भनी लेखि आएको। |
| ६ | छेकम्पार सामुदायिक भवन निर्माण योजना क्रमागत | चुमनुब्री-७ | छेकम्पार लघुजलविद्युत मुहान तथा पावर हाउस संरक्षण योगना | सामुदायिक भवनका लागि जग्गा उपलब्ध नभएको |
| ७ | लार फर्पे पाङदुङ संयुक्त सामुदायिक भवन निर्माण योजना | चुमनुब्री-७ | फर्बे लाकाङ गुम्बा निर्माण तथा मर्मत योजना | सामुदायिक भवनका लागि जग्गा उपलब्ध नभएको |
| ८ | छाक सामुदायिक भवन निर्माण योजना | चुमनुब्री-४ | टासि छोलिङ गुम्बा किचन निर्माण तथा व्यवस्थापन योजना | सामुदायिक भवनका लागि जग्गा उपलब्ध नभएको |

११.प्रस्ताव नं ११ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं १ धर्मशालामा धर्मशाला निर्माण गरिदिनका लागि भारतिय राजदुतावासमा अनुरोध गर्ने निर्णय गरीयो।

१२.प्रस्ताव नं १२ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ६ को कार्यालय चुम्चेतको नाममा रहेको साविक चुम्चेत ९ को कित्ता नं ८० को जग्गा वडा नं ६ को वडा समितिको निर्णय तथा वडा अध्यक्षको सिफारिस बमोजिम श्री सिद्ध गणेश आधारभुत विद्यालयको भवन निर्माण गर्ने प्रयोजनका लागि उपभोग गर्न दिने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

१३. प्रस्ताव नं १३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं १ अन्तर्गत चालू आ.व. मा सञ्चालित योजना ग्वाँलादेखि नाउकजुङसम्म पिसिसि बाटो निर्माणका लागि रू ३८ लाख बजेट विनियोजन गरेकोमा उक्त योजना बोलपत्र आह्वान मार्फत सञ्चालन गर्न उपयुक्त हुने भनी प्रमुख प्रशासकीय अधिकृतबाट राय समेत प्राप्त भएकोमा स्थानीय सामाग्रीको प्रयोग, स्थानीयले रोजगारी प्राप्त गर्ने तथा कार्यको परिमाण पनि बढि हुने विषयलाई मध्येनजर गर्दै उक्त योजना उपभोक्ता समिति मार्फत गराउने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष